# शहरी विकास तथा भवन निर्माण विभाग र नागार्जुन नगरपालिका बीच भएको

## सम्झौतापत्र

नेपाल सरकार, शहरी विकास मन्त्रालय, शहरी विकास तथा भवन निर्माण विभाग, काठमाडौं (प्रथम पक्ष) र नागार्जुन नगरपालिका, काठमाण्डौ (दोश्रो पक्ष) बीच दोश्रो पक्षको प्रस्तावित नागार्जुन नगरपालिका वडा नं. १ मा शहरी गरीबहरुको संयुक्त आवास प्रयोजनार्थ निर्माण भएका भवनहरु नागार्जुन नगरपालिकालाई उपयोग गर्न दिने सम्बन्धमा शहरी विकास मन्त्रालयबाट नागार्जुन नगरपालिका वडा नं. १ मा निर्माण भएका उक्त भवन एकाइहरु, भवन तथा जग्गाको स्वामित्व नेपाल सरकारमा रहने गरी नागार्जुन नगरपालिकालाई प्रयोगको लागि भवन तथा जग्गाको विवरण, उपयोग अवधि, प्रयोजन र नगरपालिकाले पालना गर्नुपर्ने शर्त सहित सम्झौता गरी नागार्जुन नगरपालिका, काठमाडौंलाई उपलब्ध गराउन सहमति दिने भनी मिति २०७७/१०/२६ गते नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णयानुसार श्रीमान् सचिवज्यू, नेपाल सरकार, शहरी विकास मन्त्रालय मिति २०७७/११/०३ गतेको निर्देशानुसार माथि उल्लेखित भवनहरु जुन प्रयोजनको लागि निर्माण भएको हो सोही प्रयोजनमा प्रयोग हुने गरी एवम् तपसिल वमोजिमका शर्तहरु लागू हुने गरी उक्त भवन नागार्जुन नगरपालिका काठमाडौंलाई उपयोग गर्न दिने तथा उक्त भवनहरु संघीय सरकारले चाहेको बेला फिर्ता लिन सक्ने गरी दुवै पक्ष बसी आज मिति २०७७/११/०९ गतेका दिन प्रथम पक्षको कार्यालयमा यो समझदारी पत्रमा हस्ताक्षर गरी एक/एक प्रति लियौं/दियौं।

<u>तपसिलः</u>

१. उपयोगको अवधि संघीय सरकारबाट वास्तविक लक्षित शहरी गरिब वर्गहरुको पहिचान गरी भवनहरुको उद्देश्य अनुरुप व्यवस्थापन नभएसम्मको लागि हुनेछ।

२. दोश्रो पक्षले भवन जस्तो अवस्थामा बुझिलिएको हो प्रथम पक्षलाई फिर्ता गर्दा सोही अवस्थामा फिर्ता गर्नुपर्नेछ।

३. उल्लेखित भवन संचालन गर्दाको अवधिभर द्वितीय पक्षले कानूनले निषेध गरेको कुनै पनि काम कारवाही गर्न गराउन पाउने छैन।

४. भवन उपयोग गरेको अवधि भर कुनै प्रकारको मानवीय क्षति भएमा दोस्रो पक्ष स्वंय जिम्मेवार हुनेछ भन्ने कुरामा दुवै पक्ष मञ्जुर गर्दछौं।

५. आफ्नो क्षेत्राधिकार भित्र र सम्पूर्ण सरसफाई र सामान्य मर्मत संभारको जिम्मेवारी दोस्रो पक्षको हुनेछ।

६. यो सम्झौता दुबै पक्षले सम्झौतामा हस्ताक्षर गरेको मिती देखी लागू हुनेछ।

(नवराज प्याकुरेल)

महानिर्देशक

शहरी विकास तथा भवन निर्माण विभाग

(प्रथम पक्ष )

(मोहन बहादुर बस्नेत)

नगर प्रमुख

नागार्जुन नगरपालिका, काठमाडौं

(दोश्रो पक्ष )

साक्षीः सुरेन्द्र मोहन श्रेष्ठ

उप-महानिर्देशक (आवास)

शहरी विकास तथा भवन निर्माण विभाग

साक्षीः सुरेन्द्र थापा मगर

प्रमुख प्रशासकीय अधिकृत

नागार्जुन नगरपालिका, काठमाडौं

ईती संम्वत् २०७७ साल फाल्गुन महिना ०९ गते रोज ०१ शुभम